फोन नं. ०२१-५०३०४०
ईमेलः pmamp.piu.morang@gmail.com
वेभसाइट : www.piumorang.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
मोरङ

### विषयः **घर भाडामा लिने सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०७८।०९।२२

यस कार्यालयको प्रयोजनको लागि कम्तिमा १५(पन्ध्र) वटा सम्म कोठा भएको घर आवश्यक भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९४(१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।घर भाडामा दिन इच्छुक घरधनिहरुले देहाय बमोजिमको विवरण खुलाई यस कार्यालयबाट उपलब्ध गराइएको ढाँचामा रु. १० को हुलाक टिकट टाँस गरी मितिः २०७८/१०/०६ सम्म कार्यालय समय भित्र यस परीयोजना कार्यान्वयन एकाई, मोरङमा आइपुग्ने गरी प्रश्ताव/निवेदन पेश गर्नु हुन अनुरोध गरीन्छ ।

तपशिल

१) गाडी जान सक्ने सडक सुविधा भएको घर हुनुपर्ने ।
२) धारा, विजुली बत्ती, टेलिफोन, शौचालय तथा पानी संचित गर्ने टयाङ्की भएको हुनु पर्नेछ ।
३) घर धरान विराटनगर राजमार्गको राजबंशी चौक देखि रोड शेष चौक सम्म राजमार्गको दायाँ बायाँ ३००(तिन सय) मिटरको दुरी भित्र अवस्थित भएको हुनु पर्नेछ ।
४) घरका कोठाहरुको न्यूनतम साईज १० फिट × १० फिट भएको हुनु पर्नेछ ।
५) प्रश्ताव/निवेदन साथ स्वामित्व स्थापित हुने कागजातहरु (नागरीकता प्रमाणपत्रको प्रतिलिपी, जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, घर नक्सा पास प्रमाण पत्र, चालु आ.व. को तिरो तिरेको रसिद आदि) संलग्न राख्नु पर्नेछ।
६) वरीपरीको वातावरण सकेसम्म खुल्ला र शान्त हुनु पर्नेछ ।
७) घरवालाको निवेदनमा मासिक प्रश्तावित घरभाडाको रकम (कर सहित) उल्लेख गर्नु पर्नेछ ।
८) भाडामा दिन चाहेको घरको चारैतिर कम्पाउण्ड वाल र फलामे गेट हुनु पर्नेछ । साथै घरमा चार चक्के गाडी न्युनतम थान २ (दुई) र मोटरसाइकल न्युनतम थान १५ (पन्ध्र) पार्किङ्ग गर्न सक्ने ठाउँ हुनु पर्नेछ ।
९) घरभाडा निर्धारण समिती मोरङको निर्णय बमोजिम घरभाडा निर्धारण हुनेछ ।
१०)अन्य कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

नोटः यस सम्बन्धमा केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा वा फोन नं. ०२१- ५०३०४०, ९८५२०३६०२४, ९८४२२२४७०१, ९८५२०२९७९१ मा सम्पर्क गर्न सकिने छ ।

...............................
प्रतिक्षा श्रेष्ठ
नि. बरिष्ठ कृषि अधिकृत
नि. वरिष्ठ कृषि अधिकृत